म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १९४ शुक्रबार १२ फागुन २०७९ ने. सं. ११४३ सिल्लागा 24 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सार्वजनिक सेवालाई पारदर्शी बनाऔं।**

- सार्वजनिक निकायका कामकारवाहीलाई पारदर्शी बनाऔं।
- सेवाग्राहीले सहज र सोझै सेवा लिनसक्ने व्यवस्था मिलाऔं।
- आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं, विचौलिया मार्फत काम नगरौं।
- सकेसम्म सेवाग्राही आफैले सेवा प्राप्त गर्ने गरौं।
- सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

### श्रम मन्त्रीको प्रतिबद्धता

# चर्चा कमाउने बुँदा धेरै, कार्यान्वयनमा आशङ्का

## १० हजारलाई रोजगारीदेखि चलाउन अयोग्य सवारीसाधनलाई सट्टा दर्ता सुविधा

साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ नियुक्त भएको एक महिनामा बागमतीका श्रम, रोजगार तथा यातायात मन्त्री एकलाल श्रेष्ठले प्रतिबद्धता सार्वजनिक गरेका छन् ।

श्रेष्ठले बिहीवार मन्त्रालयबाट तीन वटा विषय श्रम क्षेत्र, रोजगार क्षेत्र र यातायात व्यवस्थापन क्षेत्रलाई प्राथमिकतामा राखेर ३४ बुँदे प्रतिबद्धता जनाएका हुन् । उनले आफ्नो प्रतिबद्धतामा प्रदेशभित्रका १० हजार युवालाई रोजगारीको सुनिश्चिता गर्नेदेखि चलाउन अयोग्य सवारीसाधनलाई सट्टा दर्ताको सुविधा दिने नीति लिएका छन् ।

'प्रदेशभित्रका १० हजार युवालाई सीप विकास तथा व्यावसायिक तालिम प्रदान गरी रोजगारीका अवसरहरु सुनिश्चित गर्ने गरी स्वीकृत वार्षिक कार्यक्रमअनुसार तालिम सञ्चालन कार्यविधि तयार भई स्वीकृतिको क्रममा रहेको छ । यसलाई यथाशीघ्र कार्यान्वयनमा ल्याइनेछ', प्रतिबद्धतामा भनिएको छ ।

श्रेष्ठले प्रतिबद्धतामा उल्लेख गरेको १० हजारलाई रोजगारीको सुनिश्चता हुने विषयमा आफैंमा चुनौतीको विषय छ । यसको कार्यान्वयनमै शङ्का गरिएको छ । विगतका सरकारले पनि १० हजार युवालाई रोजगारीको सुनिश्चितता गर्ने योजना अघि सारेका थिए । तर, यस्ता योजनाहरु कार्यान्वयनमा जान सकेका छैनन् । युवाहरुले रोजगारी पाउने नभइ उनीहरुलाई सीप विकासको तालिम प्रदान गर्न पनि सरकारले भ्याउने गरेको देखिँदैन । मन्त्री श्रेष्ठले वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई स्वदेशमै आफ्नो सीपअनुसारको स्वरोजगारी सुरु गर्न र 'स्टार्ट अप'लाई सहयोग पुग्ने गरी आवश्यक कार्यक्रम सञ्चालन गरिने जनाएका छन् ।

मन्त्री श्रेष्ठले प्रतिबद्धता सार्वजनिक गर्दै आगामी दिनमा श्रम र यातायातका क्षेत्रमा महत्वपूर्ण काम गरेर देखाउने बताए । आफ्नै नेतृत्वमा सवारी चालक अनुमति पत्रमा ७० अंक ल्याए उत्तीर्ण हुने काम सम्पन्न गरेको बताए । उनले श्रम तथा रोजगार नीति, २०७९ मस्यौदा भई स्वीकृतिको अन्तिम चरणमा रहेको जानकारी दिएका छन् । प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएपश्चात् श्रम र रोजगार क्षेत्रको विकासको लागि आवश्यक हुने अन्य कानूनी प्रबन्धहरु तत्काल गरिने उनको भनाइ छ । बैदेशिक रोजगारीमा जाने नेपालीहरुको लागि विदेश जानुभन्दा पहिला नै रोजगारी सम्बद्ध सचेतना र आवश्यक सूचना प्रवाहका लागि हाल प्रदेशको ८ जिल्लाको ३२ स्थानीय तहको सहभागितामा आप्रवासी सूचना केन्द्र सञ्चालनमा रहेकोमा यसलाई बिस्तार गरिने जनाइएको छ ।

प्रदेशभित्रका महत्वपूर्ण औधोगिक क्षेत्र र प्रतिष्ठानहरु (हेटौंडा, पाटन र बालाजु)का श्रमिक संगठन र उद्योग प्रतिष्ठानका व्यवस्थापनसँग नियमित अन्तर्क्रिया र संवाद कार्यक्रम सञ्चालन गरिने भएको छ । वार्षिक स्वीकृत कार्यक्रम अनुसार द्वन्द्व पीडित, महिला, अल्पसंख्यक, सीमान्तकृत वर्गलाई केन्द्रित गरी लक्षित सिपमूलक तथा व्यावसायिक तालिमहरु सञ्चालनका लागि प्रदेशभित्रका सम्बद्ध संस्थाहरुसँग आवश्यक सहकार्य र साझेदारी गरिने भएको मन्त्री श्रेष्ठले बताए । प्रदेशभित्रका सबै वर्गको सीपयुक्त जनशक्तिको डिजिटल अभिलेखीकरणको लागि कार्य सुरु गरिने जनाइएको छ ।




हाल मकवानपुर र धादिङमा मात्र कायम हरेका व्यावसायिक तथा सीप विकास तालिम केन्द्रहरुको संख्या विस्तारको लागि अध्ययन गरिने भएको छ । प्रदेशमा कम्तिमा २ वटा थप तालिम केन्द्रहरुको स्थापनाको लागि पहल गरिने मन्त्री श्रेष्ठले उल्लेख गरेका छन् । स्वदेशमै थप रोजगारी सृजना हुन सक्ने सम्भावित क्षेत्रहरुको पहिचान गर्ने र सो क्षेत्रलाई आवश्यक हुने जनशक्ति उत्पादनको लागि अध्ययन अनुसन्धान गर्ने र मन्त्रालयलाई आवश्यक पृष्ठपोषण दिने गरी एक विज्ञ टोली गठन गरिने जनाइएको छ ।

देशभित्रको लगभग ४० प्रतिशत सवारी साधन र सोही अनुपातमा सवारी चालक अनुमति पत्रसँग सम्बन्धित सेवाहरु यस प्रदेशअन्तर्गत् पर्दछन् । प्रवाह गर्नुपर्ने सेवाको घनत्वको अनुपातमा यातायात व्यवस्था कार्यालयहरुको संख्या न्यून रहेको मन्त्री श्रेष्ठको भनाइ छ । यसकारण रसुवा, दोलखा, सिन्धुपालचोक र काभ्रेपलान्चोकका सेवाग्राहीलाई केन्द्रित गरी दोलखा वा सिन्धुपाल्चोकमा सवारी चालक अनुमतिपत्र र सवारी दर्ता र नियमनसँग सम्बन्धित कार्यक्षेत्र हेर्ने गरी एक कार्यालयको स्थापनको लागि पहल गरिने उनले बताए ।

प्रदेश सरकारले लिएको नीतिअनुसार वि.सं. २०८५ सम्ममा खनिज इन्धनबाट चल्ने सवारी साधनहरु विद्युतीय सवारी साधनमा रुपान्तरण गरी वातावरणमैत्री सवारी साधनलाई प्रोत्साहन गरिने भएको छ । यसका लागि आवश्यक हुने मापदण्ड, कार्यविधिहरु निर्माण गर्ने कार्य सुरु गरिएको मन्त्रालयले जनाएको छ । कानूनले तोकेको अवधि पूरा भएका र प्राविधिकरुपले चलाउन योग्य नभएका सवारी साधनलाई सट्टा दर्ता सुविधा दिने गरी साना तथा मझौला सवारी साधनको गुणस्तर तथा सञ्चालन मापदण्ड बनाई यसलाई समयानुकूल बनाइने मन्त्री श्रेष्ठको भनाइ छ ।

प्राविधिकरुपमा चलाउन अयोग्य सवारीसाधनहरु सडकमा गुडिरहँदा पनि सरकारले कुनै नियमन भने गर्न सकेको छैन । सरकारले सवारीसाधनमाथि नियमन गर्न नसक्दा सडक दुर्घटनाहरु बढिरहेको पाइन्छ । सवारी दर्तासँग सम्बन्धित अभिलेखहरुलाई डिजिटाइज्ड गर्ने र सेवाग्रीहरुलाई अनलाइन सेवामार्फत् जोड्ने कार्यलाई अगाडि बढाउने मन्त्रालयको योजना छ । सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडानका लागि प्रचलित संघीय र प्रदेश कानूनमा केही असंगति देखिएकोले संघीय सरकारसँग सहकार्य गरिने भएको छ ।

अस्थायी, स्थायी मार्ग ईजाजतहरुलाई व्यवस्थित र कानूनसम्मत बनाइने मन्त्री श्रेष्ठले बताए । बाटोको अवस्था, जनसंख्याको चाप, सवारीसाधनको अवस्थालगायतलाई विश्लेषण गरेर मात्र मार्ग इजाजत दिने व्यवस्था लागू गरिने उनले बताए ।

सवारी जाँचपाँस र नियमित प्रदुषण जाँचलाई थप व्यवस्थित, सहज र प्रविधिमा आधारित बनाउन निजी क्षेत्रहरुसंग आवश्यक सहकार्य गरिने जनाइएको छ । सवारी चालक अनुमतिपत्र प्रदान गर्ने प्रकृयालाई थप सरलीकरण गर्ने, सहज र प्रविधियुक्त बनाउने कार्यलाई अगाडि बढाइने प्रतिबद्धता पत्रमा उल्लेख छ ।

### हेटौंडामा हात्ती आतंक

# नियन्त्रण गर्न छैन चासो

साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ मनहरी गाउँपालिकामा बितण्डा मच्चाएर एक महिलाको ज्यान लिएपछि पर्सा राष्ट्रिय निकुञ्जको हात्तीले हेटौंडामा पनि आतंक बनाएको छ ।



निकुञ्जबाट मानव बस्तीमा प्रवेश गरेर विगत १० दिनदेखि हात्तीले मनहरी र हेटौंडाका १२ देखि १८ नम्बर वडासम्म आतङ्क मच्चाइरहेको छ । हात्तीले हेटौंडा उपमहानगरपालिका वडा नम्वर १८, मानेडाँडामा एक जनालाई घाइते बनाएको छ ।

हात्तीको आक्रमणबाट हेटौंडा-१८, मानेडाँडाका ३० वर्षीय देव वाईबा घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीका अनुसार बुधबार राति १० बजेर २५ मिनेटको समयमा घरनजिक वनबाट निस्केको जंगली हात्ती धपाउने क्रममा वाईबालाई हात्तीले आक्रमण गरेको हो ।

घाइते वाईबाको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ । उनको शरीरमा बाहिरी चोट नदेखिए पनि दुबै खुट्टा र ढाडमा भित्री चोट लागेको प्रहरीले जनाएको छ । हात्तीले विगत १० दिनदेखि मनहरीमा लगाइएको अन्नबाली नष्ट गर्नुका साथै एक वृद्धा महिलाको ज्यानसमेत लिएको थियो । हात्तीले मनहरी गाउँपालिका, हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर १२, १३ र १४ हुँदै चुरियामाई, हटियाबाट हर्नामाडीसम्म आतङ्क मच्चाइरहेको हो । हात्ती नियन्त्रण गर्न भने सम्बन्धित निकायको चासो नपुगेको स्थानीयहरुले गुनासो गरेका छन् । पर्सा राष्ट्रिय निकुञ्जसँग जोडिएको हेटौंडा उपमहानगरपालिकाको पदमपोखरी र मनहरी गाउँपालिकाबासीले निकुञ्जबाट हटाउन माग गर्दै आएका छन् ।

जंगली जनावरको आक्रमणबाट भएको मानवीय क्षतिको जिम्मा कसले लिने भन्दै निकुञ्जको नाममा जनधनको क्षति व्यहोर्नुपर्ने अवस्थाबाट मुक्ति चाहिएको स्थानीयको भनाइ छ ।

सोमबार हात्तीको आक्रमणबाट महिला घाइते भएपछि आक्रोषित स्थानीयको भीडले निकुञ्जको सेक्टर कार्यालयमै आगजनीसहित तोडफोड गरेका थिए । पर्सा राष्ट्रिय निकुञ्जको पदमपोखरी सेक्टर कार्यालयमा तोडफोड भएको थियो । मनहरी गाउँपालिकामा हात्तीले आतङ्क मच्चाइरहेपछि स्थानीयले निकुञ्जलाई हात्ती नियन्त्रण गर्न आग्रह गरेपनि कुनै सुनुवाई नभएको भन्दै तोडफोडमा उत्रिएका थिए ।

**घर भाडामा**

हेटौंडाको सिँचाईटोल बुद्धमार्गमा रहेको ३५-४० जना अट्ने, २ फ्ल्याट दुई वटा तला, १२ कोटा एटेज बाथरुम, गाडी पार्किङ्ग, मिटिङ हल सहितको अफिस तथा किराना स्टोरको लागि उपयुक्त घर भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. : ९८२७२५९८०६**

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# आगलागीबाट जोगिने कसरी ?

दैनिक जीवनमा हामी आगोसँगको संसर्गमा हुन्छौं । आगोबिनाको जीवन कल्पनै गर्न सकिन्नँ । खाना पकाउन, न्यानो बनाउन आगो नै चाहिन्छ । आगोको उपयोगितालाई महत्व दिएरै होला अग्नि पूजा गर्ने परम्परा हाम्रो संस्कारमा छ । उद्योग कलकारखाना चलाउन पनि आगो चाहिन्छ । मानवीय जीवनलाई सुगम बनाउने आगोलाई राम्रोसँग व्यवस्थापन गर्न जानिएन भने बहुउपयोगी आगो विध्वंशको कारक बन्छ । दिनुहुँ कतै न कतै आगलागी भएकै हुन्छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको बुलेटिनमा आगलागीको घटना नभएको दिन पाउन दुर्लभ छ । आगो ताप्दा वा खाना पकाउँदा आगोले पोलेर ज्यान जाने, गम्भीर घाइते हुने घटना पनि उत्तिकै छन् । बालबालिका र भान्सामा काम गर्ने मानिस आगोको जोखिममा बढी छन् । आगलागी हुने वा आगो प्रयोग गर्दा विभिन्न दुर्घटना हुने अनेक कारण छन् । नेपालमा आगलागीको जोखिम कम गर्ने एवम् आगो निभाउने प्रविधि, उपकरण र जनशक्ति कम छन् ।

मध्य पहाडतिरका घरमा तल्लो तलामा गाईभैंसी बाँध्ने र माथिल्लो तलामा मान्छे बस्ने चलन छ । खरले छाएको गोठ/घरमा खाना पकाउँदा आगोले छानो टिपेर आगलागी भएका अनेकौं उदाहरण छन् । आगो नियन्त्रण गर्न नसक्दा घर/गोठमा रहेका सरसमानका साथै पशुपन्छीसमेत जलेर मर्ने गरेका छन् । आगो निभाउने प्रविधि र जनशक्ति नहुँदा समयमै आगो निभाउन सकिएको छैन । गोठको भुइँतलामा एक छेउमा कोठा निकालेर त्यस कोठामा चुलो बनाएर पकाउने चलनले गोठमा हुने आगलागी निकै कम भएका छन् । खरको छानोलाई जस्तापाताले विस्थापित गर्नु आगलागीको जोखिम कम गर्ने एउटा उपाय हो । सरकारले खर र फुसको छाना जस्तापाताले विस्थापन गर्ने रणनीति लिएपछि आगलागीको जोखिम कम भएको छ । साथै, आगलागीको जोखिम कम गर्ने वा आगलागी भइहाले तुरुन्तै निभाउन सकिने उपाय अवलम्बन गर्न जरुरी छ ।

गाउँबस्तीमा आगोको जोखिम कम गर्ने उपाय अग्नि नियन्त्रणको उपयुक्त प्रविधि नै हो । बजारको साँघुरो बनौटले आगो फैलिने स्थिति हुन्छ भने मट्टितेल जस्ता तुरुन्तै आगोले टिप्ने सामग्री पसलमा भण्डारण गर्दा आगलागीको जोखिम बढ्छ । बजारका पसलमा राखिएका डिजेल, पेट्रोल, मट्टितेल, खाने तेल, घ्यू आगोले टिपेपछि निभाउन सकिँदैन । त्यसैले असुरक्षित स्थानमा राखेर ती बस्तु बिक्री गर्नु हुँदैन । गुचुमुच्च परेका बस्तीमा आगलागीको जोखिम अधिक हुन्छ । हिजोआज बाटोको तलमाथि र दायाँबायाँ लहरै जोडेर घर बनाउने गरिएको छ । आगलागीका दृष्टिले यो ठूलो जोखिम निम्त्याउने कारक हो । बजार नजिकै पानीको जोहो गरेर, समुदायमा आगो नियन्त्रण तालिम दिएर पूर्वतयारी गर्नु राम्रो हुन्छ । चट्याङ्ग, हुरिबतास आदिका कारणले पनि आगलागी हुन सक्छ । हिउँद र सुक्खायाममा आगलागीको जोखिम बढी हुन्छ । प्रतिकूल मौसम जस्ता प्राकृतिक कारण हुने आगलागीबाट कैयौंको ज्यान जान्छ । घाइते भएर जीवनभर दु:ख पाउनुपर्ने हुन्छ । सानो असावधानीले करोडौंको धनमाल नष्ट हुन्छ । त्यसैले आगलागीको जोखिम कम गर्न सरकारी, निजी क्षेत्र तथा समुदायले अनवरत प्रयत्न गर्नु आवश्यक छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ फागुन १३ गते शनिबार २५ फेब्रुअरी २०२३ । षष्ठी फाल्गुण शुक्लपक्ष । चिल्लाथ्व ११४३ ने.सं. । सूर्योदय ६:३५, सूर्यास्त ६:०१।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : यात्राबाट लाभ हुनेछ | **तुला** | : काममा प्रगति हुनेछ |
| **वृष** | : धनको समस्या पार लाग्नेछ | **वृश्चिक** | : व्यापारमा लाभ हुनेछ |
| **मिथुन** | : दिन राम्रोसूग बित्नेछ | **धनु** | : परीक्षामा सफलता मिल्नेछ |
| **कर्कट** | : चोट लाग्ने सम्भावना देखिन्छ | **मकर** | : पढाइमा रुचि बढ्नेछ |
| **सिंह** | : चिन्ता, भय र आशंका बढ्नेछ | **कुम्भ** | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ |
| **कन्या** | : सन्तोष र प्रतिष्ठा मिल्नेछ | **मीन** | : शुभ समाचार मिल्नेछ |

# प्रधानमन्त्री दाहाललाई निर्णायक अवसर



✍ कुलचन्द्र वाग्ले

राष्ट्रपति राष्ट्रपति चयनले प्रधानमन्त्री पुष्पकमल दाहालको गति निर्धारण गर्न सम्भव छ । आफ्नो नेतृत्वको सरकार सञ्चालनलाई सहज बनाउने इच्छाशक्तिबाट प्रेरित प्रधानमन्त्री दाहालले अबका तेह्र दिनभित्र पूरा गर्ने भूमिकाबाट उनको सफलता वा कमजोरी पनि तय गर्नेछ । लोकतान्त्रिक, गणतन्त्रात्मक प्रणालीसँगै स्थापित संवैधानिक वा आलंकारिक मानिने तेस्रो र ाष्ट्रपतिको निर्वाचन हुँदैछ ।तर, यसपटक राष्ट्रपति पदको लागि दलहरुबीच जुन प्रकारको तानातानी देखिएको छ यसको कारणमा केही राजनीतिक र अधिक अहिलेकी राष्ट्रपति विद्यादेवी भण्डारीको भूमिका जिम्मेवा। छ । यस विषयमा अलिपछि ।

निर्वाचन कार्यतालिकाबमोजिम यही फागुन २५ गते सांसद्हरुले मतदान गर्नेछन् । इच्छुक व्यक्ति, दल वा कुनै सांसद्ले यही १३ गते उम्मेदवारी दर्ता गर्नुअघि नै निर्णायक सहमतिको वा भिन्नभिन्न दलबाट उम्मेदवार प्रस्तुत हुनसक्छन् । निर्धारित मिति फागुन १३ गतेभित्रै निर्णायक सहमतिमा कुनै दल विशेषको उम्मेदवार घोषित भए परिणामको पूर्वसंकेत पनि आउनेछ । त्यसो नभए आआफ्नो दल समर्थित उम्मेदवारको पक्षमा समर्थन जुटाउन अन्तिम दिनसम्म पनि दलहरुबीच रस्साकस्सी चल्ने सम्भावना छ । त्यस्तो तानातानीमा खेलेर प्रधानमन्त्री दाहालले आफूलाई अविश्वसनीय जोखिममा पार्न पक्कै चाहँदैनन् ?प्रधानमन्त्री दाहलले कुनै निर्णय गरि सकेको छनक दिइरहेका छन् । उनले सरकार साझेदार दल नेपाल कम्युनिस्ट पार्टी (एमाले)लाई राष्ट्रपति पद सुम्पिएर आफू र नेकपा (माओवादी केन्द्र)को अस्तित्वलाई धरापमा पार्लान् भन्ने लाग्दैन । त्यस्तो धरापको विगत अनुभव र आगत अनुमानलाई चतुर भनिने माओवादी केन्द्रका अध्यक्ष दाहालले बुझेकै हुनुपर्छ । अहिले सरकारको सारथी एमाले हो । तर अहिलेको 'बहुभाषी' सरकारी गठबन्धन बचाउने कि संवैधानिक लय मिल्ने नेपाली कांग्रेससँगको गठबन्धन ब्युँत्याउने ? निर्णयाधिकार प्रधानमन्त्री दाहालको हातमा केही दिनसम्म मात्रै रहनेछ । सरकार, सत्ता र राजनीतिक सहजताको लागि त हुन्छ नै थप माओवादी केन्द्रको अस्तित्वको लागि पनि कांग्रेससँगको गठजोड प्रधानमन्त्री तथा सो केन्द्रका अध्यक्ष दाहालको लागि निर्णायक उपयोग हुन्छ । जहाँ विलयको सम्भावना रहँदैन वा विगतमा आफ्ना कार्यकर्ता एमालेमा हाम फालेजस्तो तीतो बोध पनि अध्यक्ष दाहालले गर्न पर्दैन । यही कारण होला प्रधानमन्त्री दाहालले कांग्रेस समर्थित उम्मेदवारलाई राष्ट्रपति चयन गर्ने मन बनाएको जानकारी सार्वजनिक भएको छ । उनले भनेको राष्ट्रिय सहमति के हो, के होइन वा त्यो कस्तो हो ? अर्कै बहस होला । तर, शक्ति सन्तुलनको प्रभावकारी उपाय भने निश्चय पनि संसद्को ठूलो दल नेपाली कांग्रेसलाई राष्ट्रपति दिनु हो ।

कांग्रेसले पनि पूरा अवधि वा कम्तीमा चार वर्ष प्रधानमन्त्रीमा दाहाललाई निर्बाध काम गर्न दिए हुन्छ । अथवा, कति वर्षमा उनलाई मनाउने हो त्यो गरे पनि हुन्छ । लोकतान्त्रिक संविधानको रक्षा, देशको स्वाभिमान र जनताको समृद्धिको लागि केही गर्ने प्रधानमन्त्री दाहालको हुटहुटीमा कांग्रेसले साथ दिनु गठबन्धन अभ्यासले उन्नत बाटो पाउनु पनि हो । प्रणाली र संविधानको सबलीकरणको उपायसमेत अहिलेलाई यही हो ।

गठजोड तोड्नु र जोड्नुमा कुनै सिद्धान्त र नैतिकताको सबाल अहिले बाँकी छैन । सिद्धान्त र नैतिक राजनीतिलाई व्यावहारिक नीतिले थिचेको हाम्रो यथार्थ हो । केही समय भनौ वा मेरो समवयी पुस्ता यही थिचाइ बेहोर्न अभिशप्त छ, प्रस्टै छ । सिद्धान्त र नीतिले व्यवहारलाई निर्देशित गर्नुभन्दा सबल वा कुशल व्यवहारले सिद्धान्त र नैतिक मानक स्थापित गरोस् भन्ने सपना अहिलेको सत्यबोध हो । यस्तो पृष्ठभूमि बोधले प्रधानमन्त्री दाहाललाई सही निर्णयमा पुर्याउने सफलता निश्चित गर्नेछ । अस्तित्व चिन्तामा पार्टी छ भने माओवादी केन्द्रीय अध्यक्ष दाहालले कांग्रेस, नेकपा (एकीकृत समाजवादी), जसपा, लोसपा र संविधानधर्मी साना दलसँग पनि हातेमालो गर्ने यो अवसर गुमाउनु हुँदैन । काँग्रेसले पनि पटकपटक चुक्ने अवसर मिल्दैन भन्ने बुझ्नु पर्छ ।

रह्यो, आलंकारिक राष्ट्रपति पदमा यस्तो तानातान किन ? यसअघि यति सारो थिएन । यसका पछाडि मुख्यत: दुईवटा कारण छन् । पहिलो, राजनीतिक कारण हो - शक्ति सन्तुलन । सँगै प्रश्न छ - यस्तो आवश्यकता किन पर्यो ? संवैधानिक राष्ट्रपतिमा ? शक्ति सन्तुलन आन्तरिक कारणले मात्र होइन । यसमा बाह्य कारण पनि होला । छिमेकी भारत र मित्रराष्ट्र अमेरिका पनि यहाँ सन्तुलनको सदाशय राख्छन् होला । यस्तै छिमेकी चीन पनि यसमा पछि छ भन्ने लाग्दैन । एमालेलाई राष्ट्रपति दिँदा यी तीनै मित्र मुलुकसँगको सम्बन्धमा केही जोखिम आउने हो कि भन्ने सोच प्रधानमन्त्री दाहालमा हुनसक्छ ।

राष्ट्रपति पनि एमालेको भए चीनसँगको सम्बन्धमा आफू होइन एमाले नै हावी हुने चिन्ता पनि प्रधानमन्त्रीलाई भएको हुनुपर्छ । उता नेपालको विकास गतिमा यी सबै मुलुकको सहयोग जुटाउने उद्देश्य प्रधानमन्त्री दाहालले राखेको बुझिन्छ । नेपाली कांग्रेसको सहयोग, समर्थन जोगाइ राख्न कांग्रेस समर्थित उम्मेदवारलाई राष्ट्रपति बनाउने तथा शक्ति सन्तुलनको आन्तरिक र बाह्रय सोचलाईसमेत सम्बोधन गर्ने प्रधानमन्त्री दाहालको मनसाय सत्ताको जोखिम टार्न पनि प्रेरित छ भन्ने लाग्छ । कांग्रेसलाई राष्ट्रपति दिएर सरकारमा भने ओली गठजोड नै कायम राख्ने रणनीति पनि प्रधानमन्त्री दाहालको हुनसक्छ । यो भने कति सहज होला ?

दोस्रो कारण वा गरिएको प्रश्नको उत्तर हो - बहालवाला राष्ट्रपति विद्यादेवी भण्डारीको संविधान विरोधी निर्णय । सँगै यस्तो कृत्यको ल यसका अध्यक्ष केपी शर्मा ओलीको आदेशानुसार चल्ने कारण । राष्ट्रपति भएर पनि विद्या भण्डारी एमालेको उपाध्यक्षको (पूर्व) हैसियतभन्दा माथि उठ्न सकेको अनुभूति कसैले गर्न पाएनन् । बरु, संविधान विरोधीहरु रमाए । सुन्दर नाम र पदको लज्जाधर्म पनि उनीबाट वहन भएन ।

राष्ट्रपतिजस्तो गरिमामय पदमा पुन: कलंकको दोष नलागोस् भन्ने सचेतना पनि अहिलेको तानातानी हो जहाँ कांग्रेस, माओवादी र संविधानधर्मी दलहरु समावेश हुने देखिन्छ । संविधानको बाटो हुँदै शपथ खाएर सांसद्, मन्त्री हुने, उल्टै त्यही संविधानविरुद्ध संसदा निर्लज्ज अभिव्यक्ति दिने दल र तिनीहरुसँग गठजोड बनाएको नेकपा (एमाले) चाहिँ अर्कै गतिमतिमा देखिन्छन् । राष्ट्रपति पदमा आफ्नो कार्यकर्ता पठाउन नपाउने तथ्यबोधकै कारण होला एमाले अध्यक्ष ओलीले नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधव नेपाललाई 'च्याँखे दाउ' मा बल्झाउन खोजेका छन् ।

राष्ट्रपति भण्डारीले संविधानविपरीत एक दर्जन जति निर्णय गरिन् । दुईदुई पटक संसद्को अवैध विघटन रातारात सदर गरिदिइन् । सिफारिस कर्ता थिए तत्कालीन प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओली । तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको मन्त्रिपरिषद्ले गरेको राष्ट्रिय सभामा सिफारिस रोकिन् तर पछि ओलीको सिफारिस तुरुन्तै सदर गरिन् ।

सरकारको नेतृत्व कांग्रेस सभापति देउवाले गरेका बेला संसद्ले दुईदुईपटक पारित गरेको नागरिकतासम्बन्धी विधेयक रोकिन् । यसअघि यस्तै दुरुस्तै अध्यादेश अध्यक्ष ओलीले पठाउँदा उनले तुरुन्तै जारी गरिन् । यी त प्रतिनिधि उदाहरणमात्र हुन् । कुनै पनि दलको स्वार्थभन्दा माथि संविधानको रक्षक र पालक हुनुपर्ने राष्ट्रपति संविधानविपरीत वा कुनै दलको नेताको इसारामा चल्ने भएपछि लोकतान्त्रिक गणतन्त्र खतरामा पर्ने नै भयो । राष्ट्रपति भण्डारीको भूमिका यस्तै डरलाग्दो र रहस्यात्मक देखिएकोले पुन: यस्तो नहोस् भन्ने प्रयत्न अहिले गरिएको होला वा हुनुपर्छ ।

यस अर्थमा प्रधानमन्त्री दाहाल, उनको दल माओवादी केन्द्र र नेपाली कांग्रेसको प्रयत्नलाई सही दिशा उन्मुख ठान्न मिल्छ । आगे राजनीति हो, त्यो पनि अराजक छ र त परिणामको लागि विधिको अनुमान होइन प्रतीक्षा गर्नैपर्छ ।

*(साभार: बाह्रखरी)*

# दैलो चहार्ने प्रचण्डको अस्थिर प्रवृत्तिको अन्त्य कहिले ?

✍ सुशील विके

विषय दुई जना दाहालबाट सुरु गरौं । एक जना 'जदौ' भन्दै रेडियोमा मिठो स्वर पस्कने दाहाल यज्ञनिधि र अर्का क्रान्तिकारी नेता पुष्पकमल दाहाल 'प्रचण्ड' । एउटा दाहालको घर घट्टेकुलो भन्ने ठाउँमा छ, अर्काको खुमलटारमा ।

दाहाल यज्ञनिधिको निवास रहेको यो स्थानलाई मानिसहरूले 'दाहालको दैलो' भनेर चिन्छन् । यज्ञनिधिले आफ्नो 'दैलो'लाई एक स्थायी पहिचान दिलाएर स्थापित गराए । तर, अर्का दाहालले आफ्नो 'दैलो' कहिल्यै स्थायी र स्थापित गराएनन् । बरु आफ्नो स्वार्थको रोटी सेक्नका लागि अरू-अरूको 'दैलो'चहार्ने काम गरे । शान्तिपूर्ण राजनीतिमा आएपछि उनले जे-जति "दैलो' चहारे यसले उनको पहिचान नै अस्थिर नेताको बनायो । यसपटक प्रधानमन्त्री बन्न उनले चहारेका बूढानीलकण्ठ, कोटेश्वर, बालुवाटार र बालकोटका दैलाका तथ्यले यही भन्छ । यद्यपि उनले आफूलाई अस्थिर हैन गतिशील भन्न रुचाउँछन् ।

शान्ति प्रक्रियाको आसपास प्रचण्ड र बाबुराम भट्टराईले भनेका थिए, 'हामी सत्तामा जाँदैनौं । अभिभावकको भूमिकामा रहन्छौं । महात्मा गान्धी जस्तै ।' तर, कालान्तरमा यी दुवै नेता सत्ताका लागि जे पनि गर्न सक्ने तहमा पुगे । सत्ताका लागि यिनीहरूले हिजो आफूले अवलम्बन र विकास गरेको पार्टीको विचार, सिद्धान्त, संरचना, नैतिकता, त्याग, बलिदान र जनतामा फैलाएको आशा र विश्वास सबै गुमाउन तयार भए, गुमाउन बाँकी केही पनि नहुने गरी । विषय दुई जना दाहालबाट सुरु गरौं । एक जना 'जदौ' भन्दै रेडियोमा मिठो स्वर पस्कने दाहाल यज्ञनिधि र अर्का क्रान्तिकारी नेता पुष्पकमल दाहाल 'प्रचण्ड' । एउटा दाहालको घर घट्टेकुलो भन्ने ठाउँमा छ, अर्काको खुमलटारमा ।

दाहाल यज्ञनिधिको निवास रहेको यो स्थानलाई मानिसहरूले 'दाहालको दैलो' भनेर चिन्छन् । यज्ञनिधिले आफ्नो 'दैलो'लाई एक स्थायी पहिचान दिलाएर स्थापित गराए । तर, अर्का दाहालले आफ्नो 'दैलो' कहिल्यै स्थायी र स्थापित गराएनन् । बरु आफ्नो स्वार्थको रोटी सेक्नका लागि अरू-अरूको 'दैलो' चहार्ने काम गरे । शान्तिपूर्ण राजनीतिमा आएपछि उनले जे-जति 'दैलो' चहारे यसले उनको पहिचान नै अस्थिर नेताको बनायो । यसपटक प्रधानमन्त्री बन्न उनले चहारेका बूढानीलकण्ठ, कोटेश्वर, बालुवाटार र बालकोटका दैलाका तथ्यले यही भन्छ । यद्यपि उनले आफूलाई अस्थिर हैन गतिशील भन्न रुचाउँछन् ।

शान्ति प्रक्रियाको आसपास प्रचण्ड र बाबुराम भट्टराईले भनेका थिए, 'हामी सत्तामा जाँदैनौं । अभिभावकको भूमिकामा रहन्छौं । महात्मा गान्धी जस्तै ।' तर, कालान्तरमा यी दुवै नेता सत्ताका लागि जे पनि गर्न सक्ने तहमा पुगे । सत्ताका लागि यिनीहरूले हिजो आफूले अवलम्बन र विकास गरेको पार्टीको विचार, सिद्धान्त, संरचना, नैतिकता, त्याग, बलिदान र जनतामा फैलाएको आशा र विश्वास सबै गुमाउन तयार भए, गुमाउन बाँकी केही पनि नहुने गरी ।

मानिसहरूले प्रचण्डलाई विभिन्न रूपले चिन्लान् । शान्तिपूर्ण राजनीतिमा आउनुपूर्व मैले उनलाई एक क्रान्तिकारी, सीमान्तकृत जनताका आवाज उठाउने नेताका रूपमा चिन्थें । शान्तिपूर्ण राजनीतिमा आएपछि नेपाललाई धर्मनिरपेक्ष, समावेशिता सहितको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गराउन महत्वपूर्ण भूमिका खेल्ने नेताका रूपमा पाएँ ।

त्यसपछिका दिनमा उनको बदलिएको भूमिका र कार्यशैलीका कारण आम मानिसले जस्तै मैले पनि उनलाई सीमान्तकृत समुदायका मुद्दा अलपत्र पारेका, जनजीविकाका सवाल छोडेर सत्ताका लागि अन्य पार्टी र नेताको दैलोमा दौडने अस्थिर नेताका रूपमा पाएको छु ।

वर्तमान सत्ता गठबन्धन निर्माण र छिटै हुने राष्ट्रपति चुनावका सन्दर्भमा उनका अभिव्यक्ति र भूमिकाले यही संकेत गर्छ । म चाहन्छु कि प्रचण्डले व्यवहारबाट म लगायत नेपालीको धारणामा परिवर्तन गरून् ।

**सत्ता राजनीतिमा अपरिपक्व**

हजारौं नेपालीले बलिदान गरेको सशस्त्र युद्धको राप, ताप र प्रगतिशील मुद्दासहित सबैभन्दा ठूलो पार्टीको नेताका रूपमा प्रचण्डले पहिलो पटक देशको कार्यकारी जिम्मेवारी सम्हाल्दा देश र जनताले जति ठूलो अपेक्षा गरेका थिए, त्योभन्दा ठूलो अवसर र चुनौती उनका सामु थिए । तर, अवसरलाई नै उपयोग गर्न नसकेका प्रचण्डले चुनौतीलाई अवसरमा रूपान्तरण गर्ने त कुरै भएन । उनको ध्यान जनहित र जनजीविकाका सवालमा गएन । बरु तत्काल आवश्यक नै नभएको पशुपतिमा पुजारी तथा सेनापति परिवर्तन जस्तो विषयमा गयो । यी दुवै यति प्रत्युत्पादक बने कि सेनापति काण्डपछि त प्रचण्डले सत्ता नै गुमाउनुपऱ्यो ।

साथै अधिकतम प्रगतिशील संविधान निर्माण गरी देश र सीमान्तकृत जनताको जीवनमा परिवर्तन ल्याउने अवसर पनि गुम्यो । शासकीय कमजोरी र अपरिपक्व काम भएको प्रचण्ड स्वयंले स्वीकार गरेको तथ्य हो यो । सानो कमजोरी र असावधानीले कति ठूलो नोक्सानी हुँदोरहेछ भन्ने कुरा त्यसपछि भोगेका हरेक घटनाले माओवादी पार्टी, त्यसका नेता र खासगरी प्रचण्डलाई जति बढी जानकारी अरू कसलाई होला र ? तत्कालीन अवस्थामा प्रचण्डले त्यस्तो गल्ती नगरेको भए आज माओवादीको स्थान नै अर्कै हुनेथियो । अहिले तेस्रो ठूलो दल नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल नेकपा एमालेलाई उछिन्दै देशको प्रधानमन्त्री छन् । जीवनको उत्तरार्द्धतिर भएर पनि होला, जसरी पनि प्रधानमन्त्री बन्ने लक्ष्य लिएका प्रचण्डले चुनाव अगाडि आफैंले बनाएको गठबन्धन तोडेर नयाँ गठबन्धन बनाएर पनि प्रधानमन्त्री भइछाडे । ठूला दललाई पछि पारेर तेस्रो दलको नेता प्रधानमन्त्री बन्ने कदमप्रति विश्लेषकहरू भन्छन्, 'यो नसुहाउने र जनादेश विपरित छ ।'

संसदको ठूलो दलको हैसियतमा प्रधानमन्त्री बन्ने अवस्था आएको भए स्वाभाविक रूपमा शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने निश्चित थियो । पाँच पटक प्रधानमन्त्री बन्दा पनि सम्झनलायक एउटै काम नगरेका असफल प्रधानमन्त्रीका रूपमा रहेका देउवा छैटौं पटक प्रधानमन्त्री बनेको हेर्न नेपाली तयार थिएनन् । यसैले जनादेश विपरित नै भए पनि प्रचण्ड प्रधानमन्त्री बन्दा उनको आलोचना भएन । उत्साहजनक जनमत पाएर उदाएका राष्ट्रिय स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीको संलग्नतामा बनेको वामपन्थी पार्टी नेतृत्वको गठबन्धनलाई जनताले आशाको नजरले हेरेका थिए । तर, सरकार गठन भएको छोटो अवधिमा नेपालको राजनीति र गठबन्धनभित्र भएका खटपट र अन्य गतिविधिले सकारात्मक संकेत दिएका छैनन् ।

कांग्रेसले सरकारलाई विश्वासको मत दिँदै अहिलेको गठबन्धन भत्काउने र राष्ट्रपति हात पार्ने भनेको छ । सत्ता गठबन्धनको तेस्रो ठूलो दल राष्ट्रिय स्वतन्त्र पार्टी सरकारबाट बाहिरि एको छ । गठबन्धनका अन्य दलहरूसँग पनि प्रधानमन्त्रीको हार्दिकतापूर्ण सम्बन्ध नभएको संकेत मिलेका छन् । यस्तो परिवेशमा प्रधानमन्त्री प्रचण्ड आफैंले सत्ता गठबन्धन बनाई गरेको सहमति विपरित राष्ट्रिय सहमतिको बेमौसमी राग अलाप्दै हिंडेका छन्, जसले देशलाई अस्थिरतातर्फ धकेल्ने देखिन्छ । राष्ट्रिय सहमति भन्ने तर गठबन्धनमा समस्या आउँदा त्यसलाई समाधान गरी बलियो बनाउन नलाग्ने समस्या प्रचण्डमा देखिएको छ । प्रचण्डले दुइटा डुंगामा खुट्टा राखेर सत्ता यात्रा गर्दैछन् । यो भूमिकाले उनको अस्थिर नेताको पहिचान पुन: एकपटक उजागर भएको छ । यही अवस्था कायम रहँदा अहिलेको सरकार ढिलो-चाँडो ढल्ने र नयाँ राजनीतिक कोर्षमा मुलुक प्रवेश गर्ने देखिन्छ ।

आफ्नो पार्टीको संख्या सानो भएकोले मन्त्रिपरिषदमा पनि उनी एक हिसाबले कमजोर अवस्थामा छन् । सत्ताको ठूलो दललाई रिझाएर सरकार चलाउनुपर्ने बाध्यता छ । यदि यो गठबन्धन टिकेन भने के गर्ने भन्ने पिरलो पनि दाहाललाई छँदैछ । यसैले समानान्तर रूपमा प्रतिपक्षी दललाई रिझाएर ब्याकफोर्समा राखेका छन् । यस बाहेक पनि अन्य देशी-विदेशी शक्ति केन्द्रहरूलाई पनि रिझाएर सत्ता टिकाउनु परेको छ । चाहेको बोल्न र गर्न सक्ने अवस्था फेरि पनि छैन । यस्तो बाध्यताको भारी बोकेर फेरि पनि प्रचण्ड अस्थिरताको यात्रामा दौडिरहेका छन् । 'बरु सत्ता बाहिर बस्छु तर नीति, विधि र राजनीतिक मूल्यमान्यता र संस्कारमा सम्झौता गर्दिनँ' भन्न प्रचण्डले किन सक्दैनन् ? सायद उनले भने जस्तै अन्तिम पटक प्रधानमन्त्री बन्नै पर्ने बाध्यताले उनलाई यो यात्रामा धकेलेको हुनसक्छ । मधेश, कर्णाली, जनजाति, दलित समुदाय जता पुग्यो त्यहीं 'लव' पार्न सिपालु प्रचण्ड 'लव' पार्नकै लागि दैलो चहार्न छोड्दैनन् । जुन वर्ग, जाति वा समुदायसँग भेट भयो त्यहाँ उनीहरूलाई नै खुसी पार्ने गरी बोल्ने तर, त्यो पूरा हुन सम्भव छ कि छैन र त्यसले समग्रतामा के असर पार्छ, त्यसमा विचार नगर्ने बानीले प्रचण्डलाई मुद्दा छोडेको आरोप पनि लाग्दै आएको छ । सत्ताका लागि एक हिसाबले जे पनि गर्न सक्ने नेताको विम्ब बनेको छ ।

सत्ताका लागि जुनसुकै दलसँग सहकार्य पनि गर्न सक्ने, टुटाउन सक्ने, आज एउटा कुरा, भोलि अर्को कुरा गर्ने अभ्यासले केही समय सत्ताको स्वाद त दिलाउँछ कालान्तरमा व्यक्ति र संस्थालाई नै नोक्सानी पुऱ्याउँछ । अहिले देशको राजनीति राष्ट्रपतिको कुर्सी वरिपरि घुमेको छ । यसैलाई माध्यम बनाएर दाहालले आफ्नो रोटी सेक्न खोजेका छन् । तर, यसले देश र जनताका पक्षमा योगदान गर्ने देखिंदैन । कहिले बालकोटको त कहिले बूढानीलकण्ठको दैलो चहार्दा दाहालले प्रधानमन्त्री पद पाँच वर्ष नै चलाउन पाउलान् । तर, दैलो चहार्ने अर्थात् अस्थिर राजनीतिज्ञको पहिचान भने मेटिने छैन, बरु थप कसिलो बन्दै जानेछ । सायद दाहाल जीवनको अन्तिम पटक प्रधानमन्त्री भएको बेलामा समेत यो गलत पहिचान मेटाउन सकेनन् भने उनी र उनको पार्टीका लागि दुर्भाग्य हुनेछ । यसैले दाहालले नयाँ गठबन्धन बनाउँदाको सहमति पालना गर्ने र यो गठबन्धनलाई पाँच वर्ष टिकाउने दिशामा जाँदा राजनीतिक स्थायित्वका लागि महत्वपूर्ण कदम हुनसक्छ ।

साथै 'जनयुद्ध'का बेला उठाएका मुद्दा छोड्दै गएको आरोप लागेको बेला दाहालले सरकार प्रमुखका रूपमा जनजीविकाका सवाल तथा श्रमजीवी सर्वहारा, मजदुर, किसान, दलितका मागमा काम गरी जनतामा आशा जगाउन सक्छन् । कम्युनिष्ट पार्टी नेतृत्वको सरकारको सान्दर्भिकता पुष्टि गर्न सक्छन् ।

**पार्टी राजनीतिमा टुटफुटका कारक र साक्षी**

तीन दशकभन्दा बढी पार्टी सत्तामा र हेका दाहालको पार्टी राजनीति पनि सन्तोषजनक देखिंदैन । उनले कहिले कुन नेता त कहिले कुन नेताका पक्षमा लाग्ने र उनीहरूबीच खेल्ने अस्थिर चरित्र देखाए । पार्टीमा नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको योजना ल्याएनन् । जसका कारण माओवादी टुक्रा-टुक्रामा विभाजित भयो । जनताले त माओवादीलाई मौका दिएकै हुन् नि ! तर त्यसलाई जोगाउन दाहाल र माओवादी नेताहरू सक्षम भएनन् । त्यसो त माओवादीका अन्य नेताहरूमा पनि दाहालको जस्तै दैलो चहार्ने प्रवृत्ति नै देखिएको छ । बाबुराम हुन् या वैद्य या बादल वा विप्लव, उनीहरूले क्षणभरमा पार्टी विभाजन गर्ने, नयाँ पार्टी बनाउने, एकीकरण गर्ने वा अरू पार्टीमा मिसिने काम गर्दै आएका छन् । उनीहरूमा राजनैतिक, वैचारिक अडान, निष्ठा देखिंदैन । विभिन्न तर्क दिएर उनीहरूले पार्टी टुटफुट पार्ने र एकता गर्ने काम गर्दै आएका छन् । तर, सारमा यो अस्थिर चरित्र र सत्ताको महत्वाकांक्षा सिवाय अरू केही हैन ।

नीति, सिद्धान्त र विचारमा पनि माओवादीले निकै उतारचढाव भोग्यो । सत्ता नै सर्वेसर्वा हो र बन्दुकको नालबाट मात्र सत्ता कब्जा गर्न सकिन्छ भन्दै दीर्घकालीन 'जनयुद्ध'को नीति तय गरेको माओवादीले त्यो त्यागेर बहुदलीय संसदीय व्यवस्थामा आयो । प्रचण्डपथ पनि त्याग्यो । हुँदाहुँदा अहिले माओवाद त्याग्ने, पार्टीको नाम र चुनाव चिह्न पनि परिवर्तन गर्ने तयारी गरेको छ । नीति र विचारमा समयानुकूल परिमार्जन अपेक्षित भए पनि आम जनमानसमा नकारात्मक असर पर्ने गरी गर्दा अस्थिरताको आरोप लाग्ने देखिन्छ ।माओवादीले भन्दै आएको 'जनयुद्ध'देखि शान्ति प्रक्रिया र संविधानसभाको चुनावदेखि नागरिक सर्वोच्चता र प्रतिगमन विरोधी आन्दोलनसम्म आउँदा माओवादीमा अनेकौं विचलन आएको प्रष्टै देखिन्छ । नीतिगत, सांगठनिक र कार्यशैलीगत समस्याका कारण दिन प्रतिदिन खिइँदै गएर माओवादी अहिले अस्तित्व रक्षाको चरणमा प्रवेश गरेको छ । (साभार:

# औषधि व्यवसायी संघमा थापाको प्यानल घोषणा

साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ नेपाल औषधि व्यवसायी संघ मकवानपुरको अधिवेशन नजिकिएसँगै निर्वाचनमा दुई वटा प्यानल बन्ने भएको छ ।

हेटौंडामा १३ फागुन शनिबार हुने सभा र छैठौं अधिवेशनमा हेटौंडा-१९ बस्तीपुरका औषधि व्यवसायी विष्णु थापाले अध्यक्ष पदमा उम्मेदवारी घोषणा गरेका छन् । थापाको प्यानल नै बनेको छ । थापा करिब २० वर्षदेखि औषधि व्यवसाय क्षेत्रमा छन् ।



थापा प्यानलबाट उपाध्यक्षमा संघर्ष गुरुङ, महासचिवमा भरतबहादुर कार्की, सचिवमा यादव अर्याल, कोषाध्यक्षमा ङाजीलाल लामा (सुशान्त) र सह-कोषाध्यक्षमा किसन गुप्ता छन् । त्यस्तै, सदस्यहरुमा सविना बिडारी, अनिष सुवेदी र सुरेन्द्र श्रेष्ठ छन् । ९ सदस्यीय कार्यसमिति रहेको संघको कार्यकाल ३ वर्षको हुनेछ ।

अध्यक्षका उम्मेदवार थापाले औषधि व्यवसायीहरुको हकहितमा लाग्नुसँगै स्थानीय तहको सरकार, जिल्ला स्वास्थ्य कार्यालयसँग फार्मेसी सूचीकरणको काम गर्ने, कार्यालयलाई व्यवस्थित बनाउन जग्गा खोजी गर्ने र भवन निर्माणको लागि आवश्यक तयारी गर्ने बताएका छन् ।

संघको नेतृत्व सहमतिमा चयन हुन नसकेपछि निर्वाचनमा जानु परेको थापाले बताए । आफू व्यवसायीको हकहित र संघलाई सक्रिय बनाउन नेतृत्वमा आउन चाहेको उनको भनाइ छ । उनले संघलाई मजबुद बनाउन आवश्यकता अनुरुप उपसमिति गठन गरी कार्ययोजना बनाउने र कार्यान्वय गराउने, व्यवसायीहरुको हरेक समस्यामा साथ दिने, दर्ता, नवीकरणलगायत अन्य प्रशासनिक काममा संघले साथ सहयोग गर्ने, हितकोष खडा गर्ने र सहकारी गठन गर्नेलगायत एजेण्डाहरु राखे । संघमा एकसय १६ जना सदस्य आबद्ध छन् ।

# चण्डिका माविको वार्षिकोत्सव मनाइयो

साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ मकवानपुगढी गाउँपालिका-२, स्थित शिखरकटेरीमा रहेको चण्डिका माध्यमिक विद्यालयको वार्षिकोत्सव कार्यक्रम मनाइएको छ ।

४४ औं वार्षिकोत्सव कार्यक्रम बागमती प्रदेशका सांसद् प्रेमबहादुर पुलामी छिन्तुको प्रमुख आतिथ्यतामा मनाइएको हो । कार्यक्रममा विभिन्न साँस्कृतिक गतिविधि पनि भएका थिए । विद्यालय व्यवस्थापन समिति अध्यक्ष राजकुमार गोलेको अध्यक्षतामा भएको कार्यक्रममा मकवानपुरगढी गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तान, उपाध्यक्ष मानकुमारी नेपाली पाखिन, मकवानपुरगढी गाउँपालिका वडा नम्बर २ का वडा अध्यक्ष बखानसिं पाखिन, गाउँपालिकाको शिक्षा शाखाका प्रमुख रामबहादुर घलानलगायतको उपस्थिति थियो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक कमल फुयाँलले वार्षिक योजना प्रस्तुत गरेका थिए । विद्यालयलाई पूर्णत: नि:शूल्क गराउने प्रयास भइरहेको र अंग्रेजी माध्यमको नाममा अभिभावकसँग शुल्क नलिने योजनासहित तयारी भइरहेको प्रधानाध्यापक फुयाँलले बताए । साथै, बालमैत्री वातावरणमा शिक्षण, दिवा खाजा, शैक्षिक सुधारका लागि विभिन्न चरणमा परीक्षा, अतिरिक्त क्रियाकलाप सञ्चालनलगायत अन्य विभिन्न कामहरु भइरहेको फुयाँलले बताएका छन् । परीक्षामा प्रथम, द्वितीय र तृतीय हुने छात्र/छात्राहरुलाई पुरस्कृत गरिएको थियो । १२ कक्षासम्म पठनपाठन हुने चण्डिका माविमा दुईसय ५४ जना विद्यार्थी अध्ययनरत् छन् ।

# इम्बोस्ड प्लेटमा नेपाली भाषामै लेख्ने नयाँ मन्त्रीको रहर

काठमाडौं/इम्बोस्ड नम्बर प्लेटलाई नेपाली भाषामा बदल्न फेरि छलफल सुरु भएको छ । उपप्रधानमन्त्री एवम् भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठले सकेसम्म इम्बोस्ड प्लेटमा नेपाली भाषा कायम गर्ने प्रयास गर्न निर्देशन दिएका छन् । यसअघिका यातायातमन्त्रीहरुले पनि यस्तो प्रयास गरेका थिए । तर, सफल हुन सकेका थिएनन् ।

यातायातमन्त्री श्रेष्ठले भाषा बदल्न तयारी गरे पनि इम्बोस्ड जडानमा भइरहेको काम र कार्यान्वयनलाई भने नरोक्न भनेका छन् । मन्त्रालय स्रोतका अनुसार उपप्रधानमन्त्री श्रेष्ठले अहिलेको ठेक्का सम्झौतामा रकम नबढ्ने गरी इम्बोस्ड प्लेटमा सकेसम्म नेपाली भाषा कायम गर्नु पर्ने पक्षमा देखिएपछि यसबारे ठेकदार कम्पनीसँग पनि छलफल भएको छ ।

ठेकेदार कम्पनी टाइगर डेकाटुर आईटीले इम्बोस्ड नम्बर प्लेटलाई नेपाली भाषामा रुपान्तरण गर्न सकिने दोहोर्‍याएको छ । तर, इम्बोस्ड प्लेट नेपाली भाषामा लेख्न थप ६० लाख डलर अर्थात् करिब ७९ करोडभन्दा बढी खर्च लाग्ने बताइसकेको छ ।

'यातायात विभागले थप खर्च नगरी नेपाली भाषा कामयम गर्न ठेकेदारसँग छलफल अघि बढएको छ,' मन्त्रालयका एक अधिकारीले भने, 'तर ठेकेदार कम्पनीले ठूलो लागत थपिने भन्दै नसकिने जवाफ दिएको भन्ने जानकारी पाएका छौं ।'

सरकारले यसअघि प्रदेशको नाम मात्रै र पुरै प्लेट नै नेपाली भाषामा लेख्न सकिने/नसकिने र त्यसका लागि के-के गर्नुपर्छ भन्नेबारे ठेकदार कम्पनीलाई प्रश्नहरु पठाएको थियो । गुणस्तर सुधार्न र डिजाइन बदल्न सकिने/नसिकनेबारे पनि जवाफ मागेको थियो । त्यतिबेला पनि कम्पनीले नेपाली भाषामा प्लेट बनाउन सकिने भएपनि ठेक्काको मूल्य बढाउनुपर्ने शर्त अघि सारेको थियो । फेरि यसबारे विभाग र ठेकेदार कम्पनी छलफलमा छन् ।

विभागका सूचना अधिकारी ईश्वरीदत्त पनेरु फागुनभित्र सबै सरकारी सवारीमा इम्बोस्ड नम्बर प्लेट जडान गर्ने लक्ष्यका साथ अहिले काम भइरहेको बताउँछन् । यसअनुसार फागुनपछि मात्रै कति प्रतिशत सरकारी गाडीले इम्बोस्ड प्लेट जोडे भन्ने थाहा हुने भन्दै पनेरुले अन्य सवारी हकमा कानुन बमोजिम ने हुने बताए ।

'हाम्रो विद्यमान व्यवस्थाले सबै सवारीमा इम्बोस्ड जडान गर्ने भनेको छ, जडान नभए के हुन्छ भनेर भनेको छैन,' उनले भने, 'सरकारको गर्ने निर्णय र कानुनका आधारमा इम्बोस्ड जडान कार्य अघि बढ्छ ।'

**भाषा विवादको चक्कर**

इम्बोस्ड नम्बर प्लेटमा भाषाको विवाद र बहस नयाँ हैन । २५ लाख सवारीमा जडान गर्ने गरी ठेक्का सम्झौता भएर यातायात व्यवस्था विभागले सुरुमा अंग्रेजी भाषामा प्लेट छपाइ प्रणाली विकास गरेको थियो । ५ भदौ २०७४ मा इम्बोस्ड प्लेट जडान सुरु भएदेखि नै प्लेटमा प्रयोग हुने भाषा र प्रदेशको नामबारेको विवाद पनि चर्किएको थियो ।

सुरुमा प्लेटको वितरण संविधानत: खारेज भएका अञ्चल (बागमती) का नाममा गरिएको थियो । विरोध भएपछि प्रदेशको नम्बर (स्टेट-३) उल्लेख गरेर वितरण सुरु भएको थियो ।

प्लेटमा नेपाली भाषाको अंक र अक्षर प्रयोग नभएको विषयमा विवाद सर्वोच्च अदालतमा पुगेको थियो । अधिवक्ताद्वय भरतकुमार बस्नेत र राजन बुर्लाकोटीले सर्वोच्चमा इम्बोस्ड प्लेट देवनागरी लिपीमा हुनुपर्ने माग गर्दै रिट दायर गरेका थिए ।

सरकार देवनागरी लिपी प्रयोग गर्न सहमत भएन र कानुनी प्रतिरक्षामा उत्रियो । तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीको एकल इजलासले १० फागुन २०७४ मा सवारी साधानमा तत्काल इम्बोस्ड नम्बर प्रयोग नगर्न अन्तरिम आदेश दिएको थियो । यसपछि इम्बोस्ड प्लेटको वितरण रोकिन पुगेको थियो ।

२७ मंसिर २०७६ मा पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणासहितको पाँच न्यायाधीशको संवैधानिक इजलासले उक्त रिट खारेज गरिदिएको थियो । त्यसपछि यातायात व्यवस्था विभागले १ साउन २०७७ देखि बागमती प्रदेशमा स्वेच्छिक रुपमा इम्बोस्ड नम्बर प्लेटको वितरण थालेको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# 'मिसन ग्रासरुट' मकवानपुरका वडास्तरमै पुर्‍याइने

साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ मकवानपुरमा नेकपा एमालेको 'मिसन ग्रासरुट' अभियान सुरु भएको छ । एमालेको बिस्तारित बैठकबाट अभियानको सुरुवात भएको सचिव नविन सिग्देलले बताए ।

ग्रासरुट अभियानलाई सफल बनाउन विस्तारित बैठकले फागुन १५ गतेभित्र पालिका कमिटी तथा फागुन २० गतेभित्र जनसंगठनको बैठक सक्ने निर्णय गरेको छ । सचिव सिग्देलका अनुसार जिल्लाका सबै वडा तहसम्मै अभियानलाई २ महिनासम्म सक्रिय बनाउने भएको छ ।

ग्रासरुट अभियानलाई सफल बनाउन सम्पूर्ण जिल्ला कमिटी सदस्यहरुलाई जिम्मेवारीसमेत दिइएको छ । केन्द्र र प्रदेश कमिटीका जिम्मेवारी प्राप्त नेताहरुसँग समन्वय गरेर अभियानलाई थप सशक्त बनाउने निर्णय भएको एमाले मकवानपुरका जिल्ला अध्यक्ष तथा बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री एका लाल श्रेष्ठले बताए ।

एमालेलाई अन्य शक्तिले समिकरण गर्दासमेत हराउन नसक्ने शक्ति बनाउनको लागि ग्रासरुट अभियानले सहयोग गर्ने बताउँदै अध्यक्ष श्रेष्ठले ग्रासरुट अभियानलाई एमालेले उत्सवको रुपमा सम्पन्न गर्ने बताए । एमाले अध्यक्ष श्रेष्ठको अध्यक्षतामा भएको बैठकमा एमालेका केन्द्रीय नेतृत्वहरु काशिनाथ अधिकारी, देवी ज्ञावली, जुनेली श्रेष्ठ, खेम लोहनी, कमल दनुवार, बालिका गिरी, भारती पाठकलगायत नेताहरुको सहभागिता थियो । बैठकमा केन्द्रीय नेतृत्वले ग्रासरुट अभियानको महत्वको बारेमा जिल्ला तथा प्रदेश तहका नेताहरुलाई प्रशिक्षण दिएका थिए ।

# अखिल किसान महासंघमा पुन: दंगाल

साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ नेपाल कम्युनिष्ट पार्टी (एमाले) निकट अखिल नेपाल किसान महासंघ मकवानपुरको पाँचौ जिल्ला अधिवेशनबाट अध्यक्षमा पुन: विष्णु दंगाल चयन भएका छन् ।

नेकपा एमालेका केन्द्रीय सदस्य तथा बागमती प्रदेशसभाका सदस्य भारती पाठकको प्रमुख आतिथ्यता तथा महासंघ मकवानपुरका अध्यक्ष बिष्णु दंगालको अध्यक्षतामा कार्यक्रम भएको थियो । अधिवेशले विष्णु दंगालको अध्यक्षतामा २५ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो ।

चार वर्षे कार्यकालका लागि उपाध्यक्षमा बिष्णुमणि अधिकारी, सचिवमा शालिकराम बानियाँ, सहसचिवमा सशिन कर्माचार्य, कोषाध्यक्षमा सरस्वती दाहाललगायत चयन भएका छन् ।

अधिवेशन उद्घाटन कार्यक्रममा एमाले बागमती प्रदेश कमिटी सदस्य एकराज उप्रेती, एमाले मकवानपुर उपाध्यक्ष लालबहादुर थापा, सचिव नविन सिग्देल, सहसचिव हिदम लामा, अखिल नेपाल किसान महासंघ केन्द्रीय सदस्य सम्राट तुम्बाहाङ्फे, महासंघका जिल्ला इन्चार्ज हरिप्रसाद कँडेललगायतको आतिथ्यता थियो ।

# सिटी कलेजको सप्ताहव्यापी खेलकुद सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ हेटौंडा उपमहानगरपालिका-५, स्थित हेटौंडा सिटी कलेजको सप्ताहव्यापी खेलकुद कार्यक्रम बिहीबारबाट सुरु भएको छ ।

कलेजले बिहीवार ३ किलोमिटरको म्याराथन (दौड) आयोजना गरेको छ । म्याराथनमा बीसीए पहिलो वर्षका राहुल ओझैया प्रथम, ओशिष प्रजा द्वितीय र रोहन चौहरी तृतीय भएका छन् । बुद्धचोकबाट सुरु ३ किलोमिटर दूरीको म्याराथनमा ३० जना विद्यार्थीहरु सहभागी थिए ।

मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक बामदेव गौतमको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी निरीक्षक मुनेन्द्र थापा, सिटी कलेजका संस्थापक रमिता पाण्डे, कलेजका प्रबन्ध निर्देशक रघुनाथ खुलाल, कलेजका प्रिन्सिपल श्रीबहादुर कार्की लगायतको आतिथ्यता थियो ।

सप्ताहव्यापी कार्यक्रम अन्तर्गत् बिहीवारबाट ब्याडमिन्टन, चेस, टेबलटेनिस खेलहरु सुरु भएको प्रिन्सिपल कार्कीले जानकारी दिए । उनका अनुसार सप्ताहव्यापी खेलकुद कार्यक्रममा फुटबल, भलिबल, क्रिकेट, स्नोकर, रिले रेसलगायत थुप्रै खेलकुद विद्यामा विद्यार्थीहरुले प्रतिस्पर्धा गर्नेछन् । खेलकुद प्रतियोगितामा ११, १२ र ब्याचलर इन आइटीका खेलाडीहरु प्रतिस्पर्धामा उत्रिएका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

"तपाईं, हामी सबैको कुरा"
साझाकुरा
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com




विद्यालयमै बनाइएको रैथानेबालीको परिकार दिवा खाजाका रुपमा खाँदै मकवानपुरगढी गाउँपालिकाका विद्यार्थीहरु । मकवानपुरगढीका सामुदायिक विद्यालयहरुमा हप्ताको एक दिन हरेक विहीबार रैथानेबालीको परिकार खुवाउन सुरुवात गरिएको छ । विद्यालयहरुले हरेक विहीबार गाउँकै रैथाने बाली कोदो, फापर लगायत परिकार पकाएर विद्यार्थीलाई दिवा खाजा खुवाउनु पर्नेछ । गाउँपालिका कार्यालयले यसअघि रैथाने बालीको दिवा खाजा बनाउने तालिमसमेत स्थानीयलाई प्रदान गरेको थियो । *तस्वीर: साझाकुरा*

## हेटौंडा क्याम्पस, हेटौंडा
### सेवा समितिको कार्यालय

## बढुवा प्रतियोगिताद्वारा शिक्षक तथा कर्मचारी पदपूर्तिको लागि दरखास्त आव्हान् सम्बन्धी सूचना (आन्तरिक प्रतियोगिता)

*प्रथम पटक प्रकाशित मिति : २०७९/११/१२ गते*

यस हेटौंडा क्याम्पस, हेटौंडाको निमित्त निम्नलिखित पदहरूको आन्तरिक प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले यस क्याम्पसमा एक तह मुनिको पदमा ५ वर्षभन्दा बढी समयावधि स्थायी रुपले कार्यरत शिक्षक तथा कर्मचारीहरूबाट मिति २०७९/११/१२ गते देखि २०७९/१२/१६ गते साँझ ६ बजे भित्र (दोब्बर दस्तुर तिरेर २०७९/१२/२३ गते साँझ ६ बजेसम्म) हेटौंडा क्याम्पस, हेटौंडाको सेवा समितिको कार्यालय (प्रशासन शाखा)मा दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । आवेदन फाराम हेटौंडा क्याम्पस, हेटौंडाको प्रशासन शाखाबाट रु. ५००।- तिरी प्राप्त गर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन । आवेदन फारम साथ आवेदन दस्तुर जम्मा गरेको सक्कल बिल र आवश्यक कागजातहरूको २/२ प्रति प्रतिलिपिहरू पेश गर्नु पर्नेछ ।

**क) पद सम्बन्धी व्यवस्था:**

| क.सं. | विज्ञापन नं. | विषय/श्रेणी | सेवा/समूह | दरबन्दी सङ्ख्या |
|---|---|---|---|---|
| पद : सहप्राध्यापक | | | | |
| १ | ००५/२०७९/०८० | नेपाली शिक्षा | शिक्षण | १ |
| २ | ००६/२०७९/०८० | अङ्ग्रेजी शिक्षा | शिक्षण | १ |
| ३ | ००७/२०७९/०८० | गणित शिक्षा | शिक्षण | १ |
| ४ | ००८/२०७९/०८० | शिक्षा | शिक्षण | १ |
| ५ | ००९/२०७९/०८० | स्वास्थ्य शिक्षा | शिक्षण | १ |
| पद : सहायक प्रशासक | | | | |
| ६ | ०१०/२०७९/०८० | राजपत्रांकित तृतीय | प्रशासन | १ |
| पद : मुख्य सहायक | | | | |
| ७ | ०११/२०७९/०८० | राजपत्र अनंकित प्रथम | प्रशासन | २ |
| पद : कार्यालय सहयोगी | | | | |
| ८ | ०१२/२०७९/०८० | श्रेणी विहिन | प्रशासन | १ |

**ख) आवेदन दस्तुर:**

सहप्राध्यापक : रु. ३,२००।- (तीन हजार दुईसय मात्र)
सहायक प्रशासक : रु. २,०००।- (दुई हजार मात्र)
मुख्य सहायक : रु. २,०००।- (दुई हजार मात्र मात्र)
कार्यालय सहयोगी : रु. १,५००।- (एक हजार पाँच सय मात्र)

**ग) आवश्यक कागजातहरु:**

**शिक्षकको हकमा,**

१) प्रवेशिकादेखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्पत्र र प्रमाणपत्रहरूका प्रमाणित प्रतिलिपिहरू ।
२) अनुभवको पत्र : त्रि.वि.का आंगिक क्याम्पस वा सामुदायीक क्याम्पसहरुमा शिक्षण सेवामा स्थायी, अस्थायी वा करार सेवामा रही काम गरेको भए सोको स्पष्ट मिति तथा कार्यालय खुलेको प्रमाणित पत्र आवेदन फाराम साथ पेश गर्नु पर्नेछ ।
३) हाल सालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति ।
४) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
५) व्यक्तिगत विवरण (बायोडाटा) ३ प्रति ।
६) प्रकाशित अनुसन्धानात्मक कृतिहरू (विज्ञापन प्रकाशित हुनु भन्दा अगाडि प्रकाशित भइसकेको सम्बन्धित विषयको पाठ्यपुस्तक, सम्बन्धित विषयको सन्दर्भ ग्रन्थ, विषयगत अनुसन्धानात्मक प्रतिवेदन, विषयगत अनुसन्धानात्मक लेखहरू, विषयगत साधारण लेखहरू र स्नातकोत्तर तहको शोध निर्देशन गरिएको प्रमाणित पत्र आदि) उम्मेदवारले आवेदन फाराम साथ पेश गर्नु पर्नेछ ।
७) स्थायी, अस्थायी, करारको नियुक्ति पत्रहरु ।
८) अनुभवको पत्र (स्थायी, अस्थायी, करार, बेतलबी बिदा, बेतलबी काज, सरुवा बढुवा आदिको स्पष्ट मिति तथा कार्यालय खुलेको निकाय प्रमुखबाट सेवा समितिलाई सम्बोधन गरी लेखिएको पत्र ।
९) विज्ञापन प्रकाशन भएपछि प्राप्त शैक्षिक योग्यता, अनुभव वा सेवा अवधिलाई मान्यता दिइने छैन ।
१०) विज्ञापन प्रकाशन भएपछि प्रकाशित कृति र प्रकाशनका लागि स्वीकार मात्र गरिएको तर प्रकाशन भैनसकेको कृति (Accepted Manuscript) लाई मूल्याङ्कन गरिने छैन ।
११) एक/एक प्रति सक्कलै अनुसन्धान तथा कृतिहरु (जर्नलमा) प्रकाशित लेखको हकमा सक्कलै जर्नल र सो सँग सम्बन्धित पत्रहरुको सक्कल (शोध निर्देशन गराएको पत्र, अनुसन्धान प्रतिवेदन स्वीकृत भएको पत्र) ३६ औं दिन भित्र (वा दोब्बर दस्तूर तिरेर फाराम भरेको भए ४३ औं दिन भित्र) सेवा आयोगको कार्यालयमा पेस गर्नुपर्ने छ ।
१२) अनलाईनमा उपलब्ध हुने जर्नलको Printed Copy उपलब्ध नभएमा जर्नलको कभरपेज साथै सम्पादक मण्डल, ISSN, Publishing Policy, विषय सूची आदि भएको पेज प्रिन्ट गरी लेखसँगै पेस गर्नुपर्ने छ ।
१३) सक्कल कृति पेस गर्दा कृति विवरण फाराम, अनुभवको विवरण फाराम समेत बुझाउनु पर्नेछ ।
१४) अनुसन्धान एकाई समितिमा कार्यरत शिक्षकहरुले अनुसन्धान प्रतिवेदन आफू कार्यरत अनुसन्धान एकाई समिति बाहेक अन्य क्षेत्रबाट गरेको हो भन्ने कार्यरत अनुसन्धान एकाई समितिबाट प्रमाणित गराई पेस गर्नुपर्नेछ ।
१५) फाराम स्वीकृत भैसकेपछि फाराममा कुनैपनि फेरबदल गर्न पाइने छैन । तसर्थ भरेको फाराम ठीक छ वा छैन रूजु गरेर मात्र फाराम पेस गर्नु होला ।
१६) म्याद नाघी प्राप्त हुन आएका फारामहरु स्वत: रद्द हुनेछन् ।
१७) अन्य जानकारीका लागि क्याम्पस सेवा समितिमा सम्पर्क गर्न सकिने छ ।

**कर्मचारीको हकमा,**

१) प्रवेशिका देखि माथिका सबै शैक्षिक योग्यताको लब्धाङ्पत्र र प्रमाणपत्रहरूका प्रमाणित प्रतिलिपिहरू ।
२) हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति ।
३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
४) व्यक्तिगत विवरण (बायोडाटा) ३ प्रति ।
५) स्थायी, अस्थायी, करारको नियुक्ति पत्रहरु ।
६) अनुभवको पत्र (स्थायी, अस्थायी, करार, बेतलबी बिदा, बेतलबी काज, सरुवा बढुवा आदिको स्पष्ट मिति तथा कार्यालय खुलेको निकाय प्रमुखबाट सेवा समितिलाई सम्बोधन गरी लेखिएको पत्र ।

**घ) उम्मेदवार हुन नपाउने व्यवस्था :**

देहायको अवस्थामा कुनैपनि व्यक्ति सेवा आयोगबाट लिइने प्रतियोगिताको लागि उम्मेदवार हुन वा रहन पाउने छैन:

१) भविष्यमा सरकारी सेवा वा विश्वविद्यालय सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको व्यक्ति ।
२) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको व्यक्ति ।
३) गैर नेपाली नागरिक ।

**पुनश्च:**

१. उल्लेखित पदहरुको परीक्षाका लागि त्रि.वि.ले प्रकाशन गरेको पाठ्यक्रममा क्याम्पस सेवा समितिले स्वीकृत गरेको पाठ्यक्रम प्रयोग हुनेछ ।
२. उल्लेखित विज्ञापनमा भुलवस कुनै त्रुटी हुन गएमा सो सच्याउने अधिकार यस क्याम्पसको सेवा समितिमा सुरक्षित हुनेछ ।

सदस्य सचिव
**क्याम्पस सेवा समिति**
हेटौंडा क्याम्पस, हेटौंडा

# सामुदायिक वन महासंघको २१ बुँदे हेटौंडा घोषणापत्र जारी

साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ हेटौंडामा सम्पन्न सामुदायिक वन उपभोक्ता महासंघ नेपालको नवौं बैठकले २१ बुँदे हेटौंडा घोषणापत्र जारी गरेको छ ।

फागुन ८ र ९ गते हेटौंडामा भएको नवौं बैठकले सामुदायिक वनको क्षेत्रमा सिर्जित चुनौती तथा सवालहरुलाई सम्बोधन गर्न संघ, प्रदेश र स्थानीय तहका सरकारको ध्यानाकर्षण गराउँदै घोषणापत्र जारी गरेको हो । महासंघकी केन्द्रीय अध्यक्ष भारती पाठकले वन नियमावली, २०७९ को संशोधन, वन ऐन २०७६ को संशोधन, जडीबुटी व्यवस्थापनका लागि बनेको साइटिस ऐन २०७६ को संशोधन, वन वातावरण र जैविक विविधता संरक्षणका लागि निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्र बिस्तार र घोषणा गर्ने कार्य तत्काल रोक्न सरकारसँग माग गरिने बताइन् ।

अध्यक्ष पाठकले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ खारेज गरी समुदायको अधिकार सुनिश्चित हुने गरी नयाँ कानुन तर्जुमा गर्नुपर्ने, चुरे संरक्षणको जिम्मा सामुदायिक वनलाई दिनुपर्ने, जलवायु वित्तको शत्प्रतिशत लाभ सामुदायिक वन उपभोक्ता समूहबाट प्रवाह गर्नुपर्ने, समुदायमा आधारित हिमाल बचाउ अभियानलाई सञ्चालन गरिनुपर्ने माग घोषणापत्रमा उल्लेख गरिएको छ ।



बैठकले विकास आयोजना निमार्णका लागि सामुदायिक वनको जग्गा उपभोग भएको अवस्थामा त्यसको क्षतिपूर्ति पाउने, कटान गरिएका काठ समूहले पाउने, आयोजनाको शेयर र लाभको हिस्सेदार हुन पाउने जस्ता कार्यका लागि आव्हान् गर्ने, सामुदायिक वन उपभोक्ता समूहको सहकार्यमा सरकारी निकायले पर्यापर्यटन कार्यक्रम गर्ने सुनिश्चितता गर्नुपर्ने, दीगो विकासका लक्ष्यहरुलाई सामुदायिक वन उपभोक्ता समूहको माध्यमबाट स्थानीयकरण गर्न राष्ट्रिय योजना आयोगसमक्ष अपिल गर्ने उल्लेख छ ।

संघ, प्रदेश र स्थानीय तहमा रहेका वन डँढेलो नियन्त्रण तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको संयन्त्रमा सामुदायिक वन उपभोक्ता समूहको पूर्ण र प्रभावकारी सहभागिता हुनुपर्ने, वन डँढेलो बीमा, आपत्तकालीन राहत कोष, जीवन बीमालगायत कार्यक्रम लागू गराउन घोषणापत्रमा माग गरिएको बताएकी छन् । वन्यजन्तु आक्रमणबाट वर्षेनि ठूलो जनधनको क्षति भइरहेको प्रति महासंघले यसको उचित व्यवस्थापन र क्षतिपूर्ति र राहत उपलब्ध गराउन सरकारसँग माग गरेको छ ।

सुशासनयुक्त एवम् भ्रष्टाचारमुक्त वन क्षेत्र कायम गर्न आव्हान् गर्ने, सामुदायिक वन सातौं कार्यशाला गोष्ठी (२०७९) को घोषणापत्रमा प्रतिबद्धता गरिएका विषय कार्यान्वयन गर्नेलगायत विषय घोषणापत्रमा समेटिएको छ । पत्रकार सम्मेलनमा बोल्दै महासंघका सचिव ठाकुर भण्डारीले नेपालभरि २२ हजार छसय २६ वटाभन्दा बढी सामुदायिक वन उपभोक्ता समूह रहेको जानकारी दिए । महासंघको २०७५ सालमा भएको छैठौं महाधिवेशनबाट निर्वाचित भएर आएपछि यसवर्षसमेत गरेर ४ वर्षको अवधिमा सामुदायिक वनबाट सरकारले उठाउने शत्प्रतिशत करको दायरालाई ३० प्रतिशतमा झार्न सकेको भण्डारीले बताए ।

# प्रतिष्ठान बनेपछि अस्पतालको स्वास्थ्य सेवा सहज




साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ तत्कालीन संघीय सरकारमातहत रहेको हेटौंडा अस्पताल बागमती प्रदेश सरकार मातहतको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रुपमा रुपान्तरण भएपछि गुणस्तरमा सकारात्मक परिवर्तन आएको छ ।

विगतको ५० शैय्याको अस्पताललाई स्तर बृद्धि गरेर २०० शैय्या बनाएर विशेषज्ञ सेवासमेत थपेपछि मकवानपुरबासी लाभान्वित भएका छन् । हाल प्रतिष्ठानमातहत रहेको हेटौंडा अस्पतालको नयाँ भवनबाट सेवा प्रवाह भइरहेको छ । प्रदेश सरकारले ३५ करोड ३२ लाख आठ हजार रुपैयाँ लगानी गरेको नयाँ भवन बनाएपछि बिरामीहरुलाई सेवा लिन सहज भएको छ । कुनैबेला रिफर सेन्टरको चिनारी पाएको हेटौंडा अस्पतालमा हाल विशेषज्ञ चिकित्सकमात्रै ३८ जना छन् ।

यहाँ ५० जना एमबीबीएस चिकित्सकसहित ८८ जना स्वास्थ्यकर्मी कार्यरत् रहेको जनाइएको छ । सुविधा सम्पन्न भवनमा आईसीयु, एचडीयु, भेन्टिलेटर, सिटी स्क्यान, भिडियो एक्सरे र विशेषज्ञ डाक्टरहरुले सिफारिस गरेका अन्य सबै प्रकृतिका जाँच हुने व्यवस्था मिलाइएको छ । हाल अस्पतालमा जटिल खालका रोगको पहिचानका लागि आवश्यक पर्ने एमआरआई उपकरण जडान भइरहेको छ । अस्पतालले एनआईसीयु सेवासमेत सञ्चालनमा ल्याउने तयारी गरिरहेको अस्पताल व्यवस्थापन समिति सदस्य उत्सव चौलागाईले जानकारी दिए । अस्पतालको सेवामा सुधार आएपछि बिरामीहरुले उपचारमा सहज महशुस गरेको चौलागाईको भनाइ छ ।

अस्पतालको योजनाबद्ध स्तरोन्नतिले स्थानीयस्तरमै विशेषज्ञ सेवा पाउन बिरामीलाई सहज भएको छ । यसका साथै सेवामा आएको सुधारले सर्वसाधारणले अनुभव गर्ने गरी परिवर्तन ल्याउन सकिन्छ भन्ने उदाहरण मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत्को हेटौंडा अस्पताल बनेको हो ।

# लालझाडी र केनाम टोलमा कंक्रिट सडक शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ कंक्रिट ढलान सडक निर्माणमा जुटेको हेटौंडा उपमहानगरपालिकाको दुई स्थानमा स्ल्याव ढलान (कंक्रिट) सडकको शिलान्यास गरिएको छ ।

चालु आर्थिक वर्ष २०७९/०८० मा बजेट पुस्तिकमा समेटिएको योजनाअनुसार हेटौंडा-१ लालझाडीको बाराही, धाप र भट्टे टोल जाने तथा हेटौंडा-१२, स्थित केनाम टोल जाने सडक बिहीवार हेटौंडा उपमहानगरपालिकाका नगर प्रमुख मिनाकुमारी लामाले शिलान्यास गरेकी छन् । हेटौंडा-१ र १२ मा उपमहानगरपालिकाले चालु बजेट शीर्षकबाट विनियोजन गरेको र कमबाट सडक निर्माणको काम थालिएको हो । सडकको शिलान्यास गर्दै नगर प्रमुख लामाले गुणस्तरीयतामा ध्यान दिन निर्माण उपभोक्ता समितिलाई सचेत गराएकी छन् । उनले निर्माण सम्पन्न भएपछि अनुगमनका क्रममा त्रुटि पाइएमा गुनासो नगर्ने गरी काम गर्न सुझाव दिइन् ।

'हामी नगरको विकासका लागि काम गरिरहेका छौं, नगर बासीले पनि हामीले बनाएका योजनालाई आत्मसाथ गर्दै नगरको समग्र विकासमा सहयोगी बनेमात्र कामले सार्थकता पाउछ', नगर प्रमुख लामाले भनिन् । उपमहानगरपालिकाले नगर क्षेत्रका अन्य वडाहरुमा पनि सडक निर्माणको काम चलिरहेको हेटौंडा उपमहानगरपालिका शहरी पुर्वाधार विकास महाशाखा प्रमुख सत्यनारायण साहले जानकारी दिए ।

उपमहानगरले चालु आर्थिक वर्षको पहिलो चौमासिकमा दुईसय ५८ योजना सम्झौता भएकोमा ४८ वटा सम्पन्न गरेको छ । दुईसय १० वटा योजनाहरु कार्यान्वयनको चरणमा र गत आर्थिक वर्ष २०७८/०७९ मा जिम्मेवारी सरेका मध्ये ८४ योजनाका काम सम्पन्न भएको महाशाखाले जनाएको छ । उपमहानगरको पूर्वाधार विकास कार्यक्रम अन्तर्गत् चालु आर्थिक वर्षको पहिलो चौमासिकमा तीन किलोमिटर कंक्रिट सडक, ४ वटा कल्भर्ट, १ वटा शैक्षिक पुर्वाधार, ३ वटा गुम्बा, १० वटा मन्दिर, १ तटबन्धन, ४ शौचालय १२ सामुदायिक भवन, १ मदरसा र ४ वटा पार्कहरु निर्माणको काम सम्पन्न भएको बताइएको छ ।

महाशाखाको पूर्वाधार विकास कार्यक्रमतर्फ योजना तथा कार्यक्रम अनुगमन जाँचपास तथा फरफरक सिफारिस समितिले एकसय ३२ योजनाको अनुगमन तथा मूल्याङ्कन गरेर फरफारकका लागि कार्यालयमा सिफारिस गरेको छ भने अन्य महाशाखाले गरेको ९ वटा योजना अनुगमन गरी भुक्तानीका लागि सिफारीस गरेको बताइएको छ । त्यस्तै, पुर्वाधार विकास कार्यक्रमअन्तर्गत् उपमहानगरले हेटौंडा-१ चौकीटोलमा ३३ लाख ६६ हजार रुपैयाँको लागत सहभागिता तथा अन्य जिन्सी सामान उपलब्ध गराएर हेटौंडा-१०, टीसीएनमा रहेको तरकारी बजार स्थानान्तरको काम भएको महाशाखा प्रमुख साहले जानकारी दिए ।

## कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना

यस सहकारी संस्थाका तपशिलमा उल्लेखित शेयर सदस्य ऋणीहरुले यस संस्थाबाट लिनु भएको ऋण कर्जाको शर्त मुताविक संस्थालाई तिर्नुपर्ने बाँकी सावा तथा ब्याज तिर्ने सम्बन्धमा पटक-पटक मौखिक, टेलिफोन, मोबाइल तथा पत्रहरुद्वारा अनुरोध गर्दा पनि आजसम्म उक्त रकम तिर्ने सम्बन्धमा कुनै चासो नदेखाई वेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थालाई नियमानुसार तिर्न पर्ने सम्पूर्ण रकम नतिरेमा धितो जमानत दिने व्यक्ति समेतको ३ पुस्ते नामावली स्थानीय र राष्ट्रिय पत्रिकामा प्रकाशन गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.सं. | नाम थर | ठेगाना |
|---|---|---|
| १ | हिमा लामा | मनहरी गा.पा-६, लोथर |
| २ | जानकी लामा तामाङ | साविक मनहरी वडा नं.-१, लोथर हाल हेटौंडा-८, कमाने |
| ३ | सन्तोषी थिङ | हेटौंडा-१, चौकिटोल |
| ४ | पुष्कल न्यौपाने | साविक् बसामाडी-३, हाल हेटौंडा-१० |
| ५ | सन्तोष गोतामे | साविक हाडीखोला-७, हाल हेटौंडा-४ |
| ६ | अणु कुमार बलामी | साविक कुलेखानी वडा नं.-९, हाल ईन्द्रसरोवर गा.पा |
| ७ | माधव गोतामे | मनहरी गा.न.पा-३, मसिने |
| ८ | पुरुषोत्तम रौनियार | हेटौंडा-४, स्कुलरोड |
| ९ | एकराज कार्की | मनहरी गा.पा.वडा नं.-३, हाडिखोला |
| १० | अनिषा थापा | हेटौंडा-१९, सान्नानीटार |
| ११ | जनक लिम्बु | भरतपुर महानगरपालिका-१२, चितवन |
| १२ | देबराज बलामी | साविक् काठमाडौं वडा नं.-३, हाल दक्षिणकाली नगरपालिका |
| १३ | राम कृष्ण अर्याल | साविक हाडिखोला-६, हाल मनहरी गा.पा |
| १४ | कमलबहादुर लो तामाङ | ललितपुर महानगरपालिका-२, माल्टा |
| १५ | हरीवंश बर्तौला | हेटौंडा उपमहानगरपालिका-२, मानसचोक |
| १६ | बेल बहादुर मोक्तान | कैलाश गाउँपालिका वडा नं.-६, गोगने |
| १७ | भोज बहादुर बुढाथोकी | भिमफेदी गा.पा-४, निवुवाटार |
| १८ | राजकुमार ब्लोन | साविक गोगने वडा नं.-८, परिवर्तित कैलाश गाउँपालिका वडा नं.-६ |
| १९ | जमान सिं. घलान | बकैया गा.पा वडा नं.-५ |

**दिब्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौडा-२, पल्पसारोड, मकवानपुर
फोन नम्बर : ०५७-५२४९१६, ५२५९१७
इमेल : divyatara2000@gmail.com

# दामनको ऋषेश्वरमा विश्व शान्ति महायज्ञ लगाइँदै

साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ जिल्लाको पर्यटकीय नगरी थाहा नगरपालिकाको दामनस्थित ऋषेश्वर महादेव मन्दिरमा २ दिने विश्व शान्ति महायज्ञ लगाइने भएको छ ।

बौद्ध र हिन्दु धर्मावलम्बी-हरुको पवित्र तीर्थस्थल ऋषेश्वर महादेव मन्दिरमा फागुन १६ र १७ गते विश्व शान्ति महायज्ञ पूजा आयोजना हुने भएको हो । धर्म, सँस्कृतिको संरक्षण एवम् उक्त तीर्थ क्षेत्रको प्रचारप्रसार र विकासको अभियानको थालनी गरेपछि अन्य स्थानका लामा गुरुहरु र धार्मिक संगठनहरुको सहकार्यमा विश्व शान्ति महायज्ञ अभियानलाई थप सक्रिय बनाउँदै अघि बढेको प्रमुख लामा पवन तितुङले बताएका छन् । प्रमुख लामा तितुङका अनुसार यसअघि पनि महायज्ञ पूजा दुईपटक सम्पन्न भइसकेको र पूजा तेस्रोपटक आयोजना गर्न लागिएको बताए ।

'विश्व शान्ति पूजाको प्रमुख उद्देश्य भन्नु नै धर्म, सँस्कृतिको रक्षा, विश्व शान्ति एवम् तीर्थ क्षेत्रको सम्पूर्ण विकास गर्नु रहेको छ', लामाले भने । लुम्बिनी विश्वविद्यालयका बुद्धिज्म तथा पिस स्टडिजका उपप्राध्यापक पुष्पबहादुर गुरुङका अनुसार सातौं शताब्दीमा पद्मसम्भव काठमाडौंहुँदै चीन जाने क्रममा दामन र फर्पिङमा बसेर गएको विश्वास गरिन्छ । 'यो गुफालाई बुद्धिष्टहरुले बढी विश्वास गर्ने गरेका छन्, यो गुफालाई दुबै धर्मको तीर्थस्थलका रुपमा लिने गरिएको छ', उनले भनेका छन् ।

पद्मसम्भव गुरु आएर ऋषेश्वरमा ध्यान गर्न बसेको लामा गुरु निमा लामा बताउँछन् । पदमसम्भवले तपस्या गर्ने क्रममा पानीको अभाव भएपछि ध्यान गरेर पानी निकालेको समेत बताइन्छ । मन्दिर परिसरमा पानी अझैसम्म अनवरतरुपमा मुलको रुपमा आइरहेको छ ।

## हार्दिक समवेदना



जन्म: २००७ माघ ४ — स्वर्गारोहण: २०७९ माघ २९

स्व. क्षेत्रबहादुर पाण्डे

यस विद्यालयको व्यवस्थापन समितिमा तीन कार्यकालसम्म अध्यक्ष पदमा रहनुभई यस क्षेत्रको शैक्षिक उन्नयन विशेष योगदान दिनुहुने समाजसेवी **क्षेत्रबहादुर पाण्डे**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**श्री बाराही माध्यमिक विद्यालय, परिवार**
भीमफेदी-४ निबुवाटार

## हार्दिक समवेदना



जन्म: २००७ माघ ४ — स्वर्गारोहण: २०७९ माघ २९

स्व. क्षेत्रबहादुर पाण्डे

भीमफेदी गाउँपालिका वडा नं. ४ का अध्यक्ष आत्मीय भाइ श्री सागर पाण्डेका पुजनीय पिता तथा सोही वडाका पूर्व वडा अध्यक्ष **क्षेत्रबहादुर पाण्डे**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सविन न्यौपाने (वडा अध्यक्ष) एवम्**
**हेटौंडा उपमहानगरपालिका**
**वडा नं. १, परिवार**


## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

प्रो. अमिता चौधरी
**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२


## हार्दिक आमन्त्रण

यस भुटनदेवी माध्यमिक विद्यालयको ५६ औं अभिभावक भेला, पुरस्कार वितरण तथा सम्मान कार्यक्रम निम्न मिति, समय र स्थानमा हुन गइरहेको हुँदा अभिभावक, विद्यार्थीहरु, शिक्षा प्रेमीहरुलाई अनिवार्य उपस्थिति भइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।


**तपशिल**
मिति : २०७९/११/१२
समय : ११:०० बजे
स्थान : विद्यालयको प्राङ्गण

**श्री भुटनदेवी माध्यमिक विद्यालय**
हेटौंडा-४, मकवानपुर


"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"

## आधुनिक सुन चाँदी पसल

हेटौंडा-२, पुरानो मकवानपुर रोड



हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

प्रो. राजु सेन्चुरी
सम्पर्क नं. : ९८४५५३०५६३, ९८१५२२४३४३

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन**

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा
**हेटौडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि
**हेटौडा सिटी हस्पिटल प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।


## सूचना ! सूचना ! सूचना !

यस संस्थाको स्वामित्वमा रहेको हेटौडा-१२, गारौविर्ता नयाँ पूल नजिक दिब्य तारा गोलभेडा प्रशोधन उद्योग, सोही स्थानमा रहेको कृषि ब्यवसाय संचालनार्थ जग्गा ३-१०-०-० र हेटौडा उपमहानगर पालिका हेटौडा-८, कमाने स्थित दिव्य साबून उद्योगसमेत निजी क्षेत्रबाट लिजमा संचालन गर्ने संचालक समितिको निर्णय बमोजिम के कति मासिक भाडामा संचालन गर्ने इच्छूक व्यक्ति वा संघ संस्था एवं कम्पनीले छुट्टा छुट्टै प्रस्ताव दिन ३० भित्र गोप्य आशयपत्र पेश गर्न सुचित गरिन्छ ।

**निवेदनका साथ आवश्यक कागजातहरु :**

१. व्यक्ति, संघ, संस्था फर्म वा कम्पनीको आफ्नो बायोडाटा सहितको निवेदनपत्र ।
२. व्यक्ति, संघ, संस्था फर्म वा कम्पनीको नविकरण भएको प्रमाणपत्र, कर चूक्ताको प्रतिलिपी ।
३. आफूले संचालन गर्न लागेको उद्योगको प्रस्ताव पत्र पेश गर्नुपर्नेछ ।
४. आफूले कबुल गरेको रकमको १०% धरौटी यस संस्थाको महालक्ष्मी बिकास बैंक लि., हेटौडा शाखा खाता नं.०५९००१००३२८३९५००००२ जम्मा गरी सक्कल भौचर प्रस्ताव साथै पेश गर्नुपर्नेछ ।
५. उद्योग स्थलगत निरीक्षणको लागि यस संस्थामा सम्पर्क राख्न सकिनेछ ।
६. उद्योग संचालन भवन एवं मेशिनरी मर्मत संभार स्वयंले गर्नुपर्नेछ ।
७. कृषि व्यवसायबाहेकका उद्योग संचालनार्थ व्यक्ति, संघ, संस्था वा कम्पनीले यस संस्थाको नामबाट संचालन गर्नु पर्नेछ ।
८. गूणस्तरीय उत्पादन र गूणस्तर सेवा सहकारीको मुख्य आधार स्तम्भ भएकोले सोको पुर्णै पालना गर्नुपर्नेछ ।
९. कृषि ब्यवसाय संचालन गर्ने समूह, ब्यक्ति, संस्था वा फर्मले संचालन गर्ने ब्यवसायको योजना समेत प्रष्ट्याउनू पर्ने र अत्याधिक १० बर्षको भाडामा सम्झौता गरी आपसी समझदारीमा पछी समय थप गर्न सकिनेछ ।
१०. गोलभेडा (केचप) ब्यवसाय संचालन गर्ने छनौट ब्यक्ति, समूह वा फर्म र संस्थाको उक्त जग्गामा गोलभेडा उत्पादन गर्न स्विकार गरे सोहीलाई प्राथमिकता दिइनेछ ।

अन्य जानकारीका लागि
**दिब्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
हेटौंडा-२, पल्पसा रोड, मकवानपूर
फोन नं. ०५७-५२५९१७, ५२४९१६ मो.नं.७८५५०६८७१६

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना